# राजपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### राजपुर, रौतहट

### मधेश प्रदेश, नेपाल

## आ.व.२०७९/०८० को

# योजना पुस्तिका

## राजपुर नगरपालिकाका नगर प्रमुख डा.मो. राजीक आलमबाट छैठौं नगर सभामा प्रस्तुत भएका नीति, कार्यक्रम तथा बजेट मन्तव्य २०७९

**नगरसभा उपाध्यक्ष ज्यू,**
**वडा अध्यक्षज्युहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु,वडा सदस्य ज्युहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, धार्मिक सम्प्रदायका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाजका प्रतिनिधि ज्यूहरु, उद्योगी, व्यवसायी, किसान, मजदुर, कर्मचारी तथा शिक्षक महानुभावहरु, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संचारकर्मी मित्र ज्यूहरु तथा उपस्थित सबै सज्जनवृन्द**

राजपुर नगरपालिकाको छैठौं तथा म आफ्नो कार्यकालको पहिलो नगर सभालाई सम्बोधन गर्न पाउदा म गौरवान्वित भएको छु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् ज्ञात अज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको राजपुर नगरपालिकाको दोश्रो कार्यकालको प्रथम एतिहासिक नगरसभामा सहभागि सम्पुर्ण महानुभावहरु लाई हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ती सुशासन, विकाश, समृद्धीको अकांक्षा पुरा गर्न दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान र प्रचलित कानुनको अधिकार सम्पन्न रुपमा प्रस्तुत भएको स्थानीय सरकारको तर्फबाट पहिले पटक यस सार्वभौम नगर सभामा सवै वडा र विभिन्न क्षेत्रवाट प्राप्त सुझाव सल्लाह र मेरो आफ्नो व्यक्तिगत सोच र समझदारीका आधारमा आव ०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा गौरवको अनुभुती गरी रहेको छु ।

साविक ५ वटै गाविसहरु पिपरा भगवानपुर, फतुहा महेशपुर, राजपुर फरहदवा, अकोलवा र वैरिया मिलेर वनेको राजपुर नगरपालिकाको तीव्र विकास र समृद्धिको कार्यादेशा अघि वढाउन तथा यहा सवै नागरिकको सुखी जीवनयापनको लागी हामीलाई यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार सुम्पीने सवै नगरवासी दाजु भाई दिदी वहीनीहरु र समस्त शुभेच्छुक र सरोकार पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**यस नगरपालिकाको सोचः** समुन्नत भौतिक, सामाजिक पुर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक, उत्कृष्ट हाम्रो र राम्रो नगरपालिका वनाउने ।
**उद्देश्य :** आन्तरिक आय पहिचान तथा आन्तरिक आय वृद्धि गर्दै न्यायोजित वितरण सहित भौतिक, आर्थिक, सामाजिक विकास लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका वनाउनु ।
आर्थिक वर्ष ०७९/८० मा राजपुर नगरपालिकाले अवलम्वन गर्ने विषयगत क्षेत्रका रणनीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

### १. आर्थिक विकस तर्फ

- आन्तरिक उत्पादन अभिवृद्धि गर्नका लागि अनुदानमा अधारित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- घर जग्गा तथा पोखरी बहाल करको अभिलेखनको कार्य संगसँगै आगामी तीन आर्थिक वर्ष भित्रमा कम्तीमा १,००० करदातालाई करको दायरामा ल्याई कर संकलन गरिने छ ।

CamScanner

- कृषिको आधुनिकिकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्‍याउन कृषि तथा नगदेवाली जन्य उद्योग तथा व्यवसायहरुलाई प्राथमिकता दिईनेछ ।
- पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ । जस अनुसार विमा, नश्ल सुधार जस्ता क्षेत्रलाई प्राथमिकता दिइनेछ । दुध डेरीको स्थापना जस्ता क्षेत्रलाई समेत प्राथमिकता दिइनेछ ।
- पर्यटन तथा संस्कृति विकासका लागि पिकनिक स्पट, पार्क व्यवस्थापन, मस्जीद, मठ, मन्दिरहरु, पुरातात्विक वस्तुहरुको खोज तथा व्यवस्थापनमा सहयोग गरिनेछ ।
- राजपुर नगरपालिकामा रहेका विभिन्न नदीनाला तथा पोखरी को संरक्षण एवं सौन्दर्यीकरण गरिनेछ ।
- चालु आ व २०७९/०८० भित्रनगर क्षेत्र भित्र रहेका सम्पूर्ण अटो रिक्सा, ई-रिक्सा, टाँगा इटा भटा लगाएतका उद्योग व्यवसाय आदिलाई करको दायरामा ल्याई रकम संकलन गरिनेछ ।
- करदाता उत्प्रेरणा अन्तरगत सबै भन्दा बढी कर बुझाउने प्रत्येक वार्डका करदातालाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नेपालको संविधानले परिकल्पना गरे अनुसार यस नगरपालिका संचालनमा रहेका सहकारी संस्थाहरुको सुदृढीकरणमा जोड दिनुका साथ साथै नयाँ सहकारी संचालनको लागि प्रोत्साहन गरिनेछ ।
- निजामती सेवा तर्फ स्थानीय स्तरको ध्यानाकर्षण गर्न नि:शुल्क लोकसेवा आयोगको विभिन्न पदको तयारी कक्षा संचालन गरिनेछ ।
- उन्नत जातका फलफुल जस्तै लिचि बगान, युवा व्यवसायिक तालिम, व्यवसायिक तरकारी खेती, मसला बालीको खेती, केरा खेती गर्न कृषक समूहलाई प्रोत्साहन गरिनेछ ।
- नगरपालिकामा औद्योगिक तथा पर्यटकिय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक प्रोत्साहन दिने नीति लिईनेछ ।
- कृषि कार्यमा थप टेवा पुर्‍याउन नगरपालिका भरिमा डिप टयूवेल (स्टेट बोरीङ्ग) तथा व्यवस्थित कृषि विद्युतिकरणको थालनी गरिनेछ ।
- कलकारखाना तथा साना उद्योग तथा इटाभट्टा जस्ता विभिन्न उद्योगहरुको संचालनमा प्रोत्साहन, प्रवर्द्धनमा जोड दिई औद्योगिक विकास गरी यस नगरपालिकालाई आर्थिक रुपमा सम्बद्ध बनाउनुका साथै बेरोजगार यूवाहरुलाई रोजगारीका अवसर प्रदान गरिनेछ ।
- गरिवी न्यूनिकरण गर्न युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सीपमूलक तथा व्यवसायिक तालीम प्रदान गरिनेछ ।
- दुध डेरी पसले तथा संकलन केन्द्रहरुलाई समय सापेक्ष अनुसार व्यवस्थित दुध डेरी संकलन केन्द्र स्थापनाको लागि पहल गरनेछ ।
- रेविज रोगको प्रचार प्रसार कार्यको लागि यस नगरपालिकामा रहेको मा.वि / उच्च मा.वि रेविज रोग सम्वन्धी जनचेतनाको लागि स्कुल प्रशारण कार्य गरीनेछ ।
- नेपाल सरकारको नीति अनुसार स्थानीय जातको पशुलाई कृतिम गर्भधान विधिवाट नसल सुधार गरिनेछ ।
- नगरक्षेत्रमा संचालित विभिन्न होटल, व्यपार व्यवसायहरुको अभिलेख राखी व्यवसायको सुरक्षामा प्रत्याभूति दिइने छ, उद्योगहरुको अभिलेख राखी राजस्वमा समेत वृद्धि गरिने छ ।
- आन्तरिक आम्दानी हुने स्थानीय हाट बजार, सार्वजनिक पोखरी, पानीघाट जस्ता स्थानमा प्रतिस्पर्धाका माध्यामले बढावढ प्रकृयाद्धारा आम्दानी बढाइने छ ।

CamScanner

- स्वस्थकर एवम् किटाणु रहित मासु उपलब्ध गराइने पसलेलाई आवश्यक प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।
- पर्यटकिय स्थलहरुको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाहय पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- राजस्व परिचालनको दायरा फराकिलो बनाई विस्तार गरिनेछ ।
- कृषकहरुको लागि बोरिङ्ग, स्पे टंकी र उन्नत जातको बिउको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखी तोकिए अनुसारका सेवामा नियमानुसार लाग्ने दस्तुर संकलन गरी आम्दानीको स्रोत वढाइने छ । यसका लागि नगरपालिकाले आवश्यक पहल गरी उचित बन्दोबस्त मिलाउने छ ।
- कोभिड-१९ महामारीको त्रास पश्चात नयाँ भेरियन्टको त्रासको सामना गरी नयाँ भेरियन्टको अझै फैलिने सम्भावनालाई मध्य नजर गर्दै आगामी आ.व.मा बच्ने व्यवस्थापनमा जोड दिने ।
- यस न. पा. बाट हुने सबै भुक्तानीहरु बैकिंग प्रणाली द्वार ई-पेमेन्ट लागु गरिने छ ।
- कृषी तथा पशु सेवा केन्द्रमा माँग अनुसारको सेवा र प्रविधि उपलब्ध गराईने छ ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नीति तथा कार्यक्रम बनाई संस्थागत व्यवस्थापन गर्न बजारको व्यवस्थापन गरिने छ ।
- यस नगरपालिकामा आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

२. सामाजिक विकास तर्फ

- शिक्षा क्षेत्रमा विद्यमान समस्याहरु समाधानार्थ नगरपालिकाको भएको शिक्षा ऐन तथा नियमावली आवश्यकता अनुसार परिमार्जन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- यस नगरपालिका अन्तर्गतका गर्भवती महिलाहरुको लागि नि:शुल्क अल्ट्रासाउण्ड गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा एउटा विधालयलाई Smart विधालयको रुपमा स्थापना गरिनेछ ।
- पालिका भित्र संचालित सम्पुर्ण विद्यालयहरुमा न्यूनतम आधारभूत पूर्वाधारको व्यवस्था गरी प्रत्येक विधालयको सम्पतिलाई संरक्षण गर्ने तथा न्यूनतम शैक्षिक अवस्था व्यवस्थापन गर्ने कार्य गरिनेछ ।
- चौमासिक रुपले तलव प्राप्त गर्ने प्रत्येक विद्यालयमा शिक्षकहरुलाई अन्य कर्मचारीहरु सरह मासिक रुपमा तलव प्राप्त गर्ने गरी व्यवस्था मिलाईने छ ।
- यस नगरपालिका अन्तर्गतका नगरवासिहरुलाई स्वच्छ खानेपानी पिउनका लागि वडा नं.५ मा रहेका पानी टंकीलाई संचालनमा ल्याउने छ र वडा नं. २ मा निर्माणाधीन पानी टंकीको निर्माण कार्यलाई बाँकी रहेका काम यथा छिटो सम्पन्न गराउने छ ।
- खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम सञ्चालन गर्दा खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्वन गरिनेछ । खानेपानीको अभाव भएका सार्वजनिक स्थलहरुमा क्रमश: खानेपानीको व्यवस्था मिलाइने छ ।
- नगरपालिकाको शैक्षिक अवस्थामा वढोत्तरी ल्याउन प्रत्येक वर्ष नगर प्रमुख शैक्षिक प्रतियोगितात्मक कार्यक्रम संचलान गरिनेछ ।
- प्रत्येक वडामा न्यूनतम मापदण्ड सहितको स्वास्थ्य सेवालाई व्यवस्थापन गरिनेछ । साथै हाल संचालित Birthing Centre लाई थप व्यवस्थित गरी अरु वडामा पनि विस्तार गर्ने प्रयत्न गरिनेछ ।
- सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ ।
- यस नगरपालिका वडा नं. ३ मा १५ सैयाको अस्पताल निर्माणका लागि छिटो भन्दा छिटो टेण्डर प्रक्रियामा लगाईनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सरकारी तथा गैह्रसरकारी निकायहरु मार्फत प्रोत्साहित गरी साक्षरता अभियानलाई निरन्तरता दिइने छ ।

CS CamScanner

- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशील गै.स.स.हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ ।
- राजपुर नगरपालिका भित्रका नागरिकहरुले नगरपालिकाभित्रका प्रसुती सेवा केन्द्रहरुबाट लिने प्रसुती सेवाको लागि नगरपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मठ, मस्जिद तथा मन्दिरहरुको संरक्षण र संवर्द्धन गरिनेछ ।
- प्रत्येक सामूदायिक विद्यालयलाई पूर्वाधार मैत्री बनाउनको लागि आवश्यकता अनुसार जग्गा खरिद तथा भौतिक संरचना निर्माण कार्य लाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।
- माध्यमिक र उपल्लो आधारभूत विद्यालयहरुलाई प्रविधि मैत्री बनाउने कम्प्यूटरर इन्टरनेट जडान कार्य गरिदै लगिनेछ ।
- विद्यालय बाहिरका उमेरका नगरवासीहरुलाई किशोरी शिक्षा, अनौपचारिक कक्षा संचालनका लागि थप कार्यक्रम संचालनका लागि प्रयत्न गरिने छ ।
- नगरवासीहरुको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- माध्यमिक विद्यालयहरुबाट शुरुवात गर्दै Electronic तथा General पुस्तकालयको व्यवस्थापन गरिनेछ तथा यसलाई क्रमशः आधारभूत विद्यालय मा समेत पुस्तकालय व्यवस्थापन कार्यलाई निरन्तरता दिइदै लगिनेछ ।
- विद्यालय परिसर भित्र अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि वेन्च र डेस्क, पखा, खेल सामग्री आदि उपलब्ध गराइदै लगिनेछ ।
- अंक प्राप्त गर्ने छात्रा र आधारभूत तहको अन्तिम परीक्षा तथा SEE र माध्यमिक तहको अन्तिम परीक्षामा उत्कृष्ट छात्रलाई पुरस्कार सहित प्रोत्साहन गरिनेछ ।
- सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ ।
- वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुलाई प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई नेपाल सरकारको नीति अनुरूप नै कक्षा ६ सम्म प्रभावकारी रूपमा कार्यान्वयन गरिदै लगिनेछ ।
- विद्यालय वाहिर रहेको वालवालिका तथा किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमवाट विद्यालय प्रवेश गराइनेछ ।
- तहगत विषयगत शिक्षकहरु विच अन्तरकृया गराई अनुभवको सटा साट गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- नतिजाको आधारमा विद्यालयहरु विच प्रतिस्पर्धा गराई कार्यसम्पादनमा उत्कृष्ट विद्यालय र शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।
- सवै वालवालिकालाई शिक्षामा पहुच सुनिश्चीत गर्न विद्यालय भर्ना अभियानलाई सफल बनाई विद्यालय जाने उमेरका सवै वालवालिकालाई विद्यालयमा भर्ना गरिने छ सो कार्यका लागि राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैर सरकारी निकायहरु, स्थानीय सचार माध्यमको सहभागीता र प्रयोग गरिनेछ ।
- शैक्षिक कार्यतालिका अनुसार शिक्षकहरुले नियमित रुपमा अध्यापन गरे नगरेको कुरामा नियमित अनुगमन गरि सो को पृष्ठपोषणको आधारमा शिक्षकलाई दण्ड तथा पुरस्कारको नीति लिईनेछ भनी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि हरेक विधालयमा नगरपालिकाले विद्यालय व्यवस्थापन संग र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक संग कार्य सम्पादन करार अनिवार्य गरि लागु गरिनेछ ।

CS CamScanner

- सामुदायीक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय परिसर र कार्य अवधि भित्र राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुट्टै आचार संहिता तयार गरि लागु गरिने छ ।
- विद्यालय स्तरीय समुदाय स्तरिय तथा नगर स्तरीय खिलाडी तयार गरि खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ ।
- हालसम्म सञ्चालित मा.वि. तथा आधारभूत विद्यालयहरुमा तहगत आवश्यक जनशक्तिको पर्याप्तता नरहेका कारण शिक्षण क्रियाकलापमा भईरहेको कठिनाईलाई न्यूनीकरण गर्न थप तहगत जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्न स्वास्थ्य चौकिहरुको संस्थागत सुधार गरिनेछ ।
- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।
- घरेलु हिंसाको मुल कारण बालविवाह हो भनी सचेतना अभिवृद्धि कार्यक्रम मार्फत पालिकाको प्रत्येक मा.वि.मा मासिक रूपमा कक्षा ८, ९, १० विधार्थीहरुलाई एउटा कक्षा संचालन गरि व्यवस्था मिलाइनेछ ।
- सामुहिक महिला व्यवसायलाई प्रोत्साहन गर्न व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट गरिने प्रवधानको समुचित व्यवस्था गरिने छ ।
- नारी पुरुष एक रथका दुई पांग्राको मुलमन्त्र लिई महिला पुरुष समविकास कार्यक्रम संचालनमा जोड दिन थप गतिविधि संचलान गरिने छ ।
- बालबालिका भविष्यको कर्णधार हुन भनी नाराका साथ बालबालिकालाई व्यवहारिक ज्ञान, सामुहिक छलफल प्रतिक्रियाको सिपविकास होस् भनी उदेश्यका साथ प्रत्येक वडामा बाल क्लव गठन तथा पालिका स्तरमा बाल संजाल गठन गर्न पहल गरिनेछ ।
- जेष्ठ नागरीकको मनोबल उच्च राख्न जेष्ठ नागरीक सम्मान कार्यक्रम, धार्मिक दर्शन जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।
- अपांगता कमजोरी होईन शक्ति हो भुक्ने होईना उठने हो भने नाराका साथ अपाग व्यक्तिको क्षमता अभिवृद्धि कार्यक्रम संचालनको लागि पहल गरिने छ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, मुस्लीम, दलित फरक क्षमता भएका व्यक्ति ज्येष्ठ नागरिक अल्पसडस्यक सिमान्तकृत समुदायको यस न. पा. को अभिलेखमा रहेका अनुसार सामाजिक र आर्थिक उत्थान सम्वन्धि कार्यलाई अघि बढाउन आयमुलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैगिक समानता तथा सामाजिक समावेशिकरणको अवधारणालाई परिपुर्ति गर्न विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइनेछ ।
- जनसंख्या व्यवस्थापनका लागि उचित शिक्षा तथा जनचेतनामुलक कार्यक्रमहरु गरिनेछ ।
- सुखी परिवार र समृद्ध परिवारको लक्ष्यलाई परिपूर्ति गर्न आवश्यक कार्यक्रमहरु लागू गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत नि:शुल्क स्वास्थ्य शिविरको माध्यमबाट आम जनतालाई सेवा प्रदान गरिदै लगिनेछ ।
- यस नगरपालिका भित्रका सम्पूर्ण परिवारलाई अनिवार्य रूपमा स्वास्थ्य बीमा गर्नको लागि प्रोत्साहन गरिनेछ साथै गरिब तथा विपन्न वर्गको परिवारको स्वास्थ्य बीमाको खर्च नगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

CamScanner

- सामुदायीक स्वास्थ्य केन्द्र वडा नं.४ र ५ को आफनो भवन नरहेकोले भवन निर्माणका लागि पहल गरिने छ ।
- स्वास्थ्य संस्थाहरुबाट विधुतिय प्रणालीहरुद्वारा प्रतिवेदन गर्नु पर्ने भएकोले सबै वटै स्वास्थ्य संस्थाहरुलाई प्रविधिको व्यवस्थापन गरिनेछ ।
- राजपुर नगरपालिका र हेलवीटास संग साझेदारीमा बगर खेती लाई निरन्तरता दिई थप आर्गेनिक खेतिको लागि पहल गरिनेछ ।
- नेपाल प्रजनन् स्याहार केन्द्रले गर्दै आईरहेको कार्यक्रमलाइं निरन्तरता दिईनेछ ।
- बालमैत्रि तथा अपांग मैत्रि नीति तथा कार्यक्रम कार्यान्वयन भई बालमैत्रि स्थानीय शासन पूर्वाधार पुरा गरि वडाहरुलाई बालमैत्रि वडा घोषणा गरिने छ ।
- छुवाछुत समाजिक कुरिति, अन्धविश्वास, लैगिक विभेद र हिंसाका घटनाहरु संग सम्वन्धीत उजुरीमा उल्लेख्य रुपमा कमि ल्याई समतामुलक समाजको आधार तयार गरिने छ र सामाजिक विभेद निवारण सम्वन्धी कार्ययोजना बनाई लागु गरिने छ ।
- यस नगरपालिकाबाट गठन हुने समिति उपसमितिहरु कार्यदल गठन गर्दा आशिक रुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेशिता कायम गरि निर्णय प्रकियामा सहभागीता गराईने छ ।
- समाजिक सुरक्षा तथा संरक्षण सम्वन्धी नीति तथा कार्यक्रम अनुसार बालवालिका पुर्ण स्थापना केन्द्र, जेष्ठ नगरिक आश्रम केन्द्र, अशक्त स्याहार केन्द्र स्थापनाको लागि पहल गरी सहज पहुँच पुन्याईने छ ।
- नगरभित्रका सबै बालबालिकाहरु पूर्ण खोप कार्यक्रमबाट बञ्चि हुन नपर्ने व्यवस्थाका लागि स्थानीय स्वास्थ्य स्वयम सेविकाहरुसमेतबाट घरदैलो अभियान चलाई आवश्यक व्यवस्था मिलाइने छ ।
- ज्येष्ठ नागरिकको सम्मानका लागि विषेश कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जीवन यापनका लागि वास्तविकता पहिचान गर्न घरदैलो शसक्तिकरण कार्यक्रमको थालनी गरिने छ ।
- घरेलू हिंसा अन्त्यका लागि वहस पैरवी तथा जनचेतनामुलक अभियान कार्यक्रम गरिने छ ।
- टोल विकास संस्था परिचालन गरि बालश्रंम, बालविवाह, बहुविवाह, बाईजो, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि नीति तथा कार्यक्रम अनुसार कार्यक्रमहरू गरिनेछ ।
- टोल विकास संस्था गठन र संचालन सम्वन्धी कानून बनाई तर्जुमा भई सो कानूनको आधारमा ८० प्रतिशत भन्दा बढी घरधुरी टोल विकास संस्थामा आवद्ध गरि कार्यान्वयन गरिने छ ।
- हाल संचालनमा रहेको १ थान एम्बुलेन्सलाई अझ प्रभावकारी बनाई थप १ थान एम्बुलेन्स खरिद गरि नगरपालिकाबाट संचालन गरने व्यवस्था मिलाईने छ ।
- यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नेपाल सरकारसंग मान्यता प्राप्त पौष्टिक तत्व युक्त खाजा तथा गुणस्तरीय शिक्षा प्रदानका लागि प्रयोगमा ल्याइने छ ।

३. पुर्वाधार विकास तर्फ

- नगरपालिकाले गत आ.व. हरुमा खरिद गरेका ट्रेक्टर, ज.सि.भि.लाई संचालन खर्च अत्यधिक हुने साधनलाई नगरपालिकाको आन्तरिक श्रोत वढोत्तरी हुने गरी व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्रका प्रत्येक प्रमुख सडकहरुलाई सवारी साधन चल्ने सकडको रुपमा स्तरोन्नति गरिनेछ ।
- अव्यवस्थित विकासलाई दिसामुखी विकासमा परिणत गर्न पाँच वर्षे गुरुयोजना निर्माण गरी भावी विकास कार्यलाई दिगो बनाउने बाटो अवलम्वन गरिनेछ ।

CS CamScanner

- राजपुर न.पा. मा भवन अभावका कारण कोठा भाडा लिई व्यवस्थापन भएकोमा सेवा ग्राहीहरुलाई छिटो छरितो सेवा दिन तथा कार्यालय व्यवस्थापन गर्न निर्माणधिन भवनको छिटो छरितो निर्माण गरि सेवा सुचारु गरिने छ ।
- यस नगरपालिका भित्र निर्माण हुने तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामग्री, ज्याला र भाडा तथा महशुल जिल्ला पूर्वाधार कार्यालयले तयार पारेका जिल्ला दररेटलाई यस न.पा. मा लागु हुने गरी न्यून्तम दररेट हुने व्यवस्था गरिनेछ ।
- संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त हुने समपुरक अनुदान तथा अन्य साझेदारका लागि मैचिंग फण्डको व्यवस्था गरिनेछ ।
- नगर भित्रका वडा कार्यालयहरुको आफ्नो भवन नभएको वडा कार्यालयको लागि जग्गा तथा भवन निर्माणको प्रक्रियामा अगाडी बढाईनेछ ।
- राजपुर नगरपालिकाका मूख्य सडकलाई स्तरोन्नती गरी तथा उक्त सडकमा वृक्षारोपण गरी Green Road बनाउने कार्य गरिनेछ ।
- यस नगरपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरूमा सडकको पहुँच पुर्याइनेछ र हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत तथा स्तरोन्नति तथा समुचित ढल निकासको नीति अवलम्वन गरिनेछ ।
- उर्जाका वैकल्पिक स्रोतहरुको पहिचान र प्रयोगमा जोड दिइनेछ ।
- उज्यालो नगरपालिकाको अवधारणा अनुसार नगरक्षेत्रका प्रत्येक पोलमा विजुलीवत्तीको मर्मतका साथै थप जडान गरिदै लगिनेछ ।
- नगर भित्रका सम्पूर्ण बाटोघाटो सडकलाई स्तरोन्नती गरिदै लगिनेछ ।
- भौतिक पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी नीति तर्जुमा गरि योजनाहरू कार्यान्वयन गरिनेछ ।
- शहरी विकासवाट स्वीकृत योजनाहरु समयमा गुणस्तरयूक्त कार्य गर्न पहल र अनुगमन गरी तोकिएका सया कार्य सम्पन्न गराउने छ ।
- उपभोक्ता समिति मार्फत योजनाहरु संचलान हुदाँ मर्मत सम्भारका लागि ५ प्रतिशत रकम धरौटी स्वरूप कट्टा गरिनेछ । उक्त कार्य एक वर्ष सम्ममा मर्मत सम्भार आवश्यक नपरेमा धरौटी वापतको रकम फिर्ता गरिनेछ । कट्टि गरिएको धरौटी रकम राख्नलाई मर्मत सम्भार कोष स्थापना गरिने छ ।
- स्वीकृत योजनाहरुको क्वालीटि कन्ट्रोल गर्न यस न. पा. मा स्थापना गरिएको इन्जिनियररिंग ल्यावलाई थप व्यवस्थीत गरिदै लगिनेछ । उपभोक्ता समितिहरुलाई परियोजना संचालनको अभिमुखिकरण गरिनेछ ।
- नगरभित्रका प्रत्येक वडामा दुई कि मि नयाँ सडक निर्माण गरिनेछ । नगरका प्रमुख सडकमा प्रवेशद्वार निर्माण गरिने छ ।
- ठेक्का पट्टामा इ-विडिंग प्रणाली पूर्णरूपमा लागु गर्ने तथा दुई करोड सम्ममा Hard Copy तथा सो माथिका सवै ठेक्कामा ई-विडिगको माध्यमवाट गरिनेछ ।
- नगरक्षेत्र भित्रका सुरक्षा निकायहरुको भौतिक पुर्वाधारको समुचित विकास गरिदै लगिनेछ । अव्यवस्थित वसोवासलाई व्यवस्थित बनाउन आवश्यक नीति अवलम्वन गरिनेछ ।

४. बाताबरण तथा विपद व्यवस्थापन तर्फ

- कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय कटान क्षेत्रमा तटवन्धका लागि तालुक निकाय समेतमा समन्वय गरी आवश्यक पहल गरिने छ ।

- सार्वजनिक जग्गाको लगत संकलन गरी त्यस्ता जग्गाहरुलाई खुल्ला क्षेत्र कायम गर्ने र ती क्षेत्रहरुमा भुकम्प, बाढी पहिरो जस्ता विपद्को अवस्थामा तत्कालका लागि बस्ने व्यवस्था मिलाउन सक्ने तर्फ ध्यान केन्द्रीत गरिने छ ।
- बिपद् जोखिम क्षेत्रको पहिचान र नक्सांकनका आधारमा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिने छ ।
- जोखिम सम्वेन्दनशिल भु-उपयोग योजना अनुसार एउटा जग्गा एकिकरण, जग्गा बिकास वस्ति बिकास, सम्पदा संरक्षण मध्ये एउटाको योजना बनाई कार्यान्वयनमा ल्याईने छ ।
- नगर भित्रका प्रत्येक घर धुरीमा एक बिरुवा अनिवार्य रुपमा लगाइने नीति अवलम्बन गरिनेछ ।
- नगर भित्रका सवै मुख्य सडकमा वृक्षारोपण गरिनेछ र त्यसको रेखदेखका लागि हेरालुको व्यवस्था गरिनेछ ।
- ढल निकास र Land field site निर्माणको लागी आवश्यक जग्गाको व्यवस्थापन गरिनेछ ।
- बाढी प्रभावित क्षेत्र लागि आवश्यक सामग्री खरिद गरी आकस्मिक सेवाको समूचित व्यवस्था मिलाइने उपायहरु अवलम्वन गरिनेछ ।
- दैवि प्रकोप तथा विपद व्यवस्थापन रोकथामका लागि विशेष जोड दिईनेछ ।
- वन तथा भू-संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ, जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ तथा वातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ ।
- वजार क्षेत्र र सवै वस्तीहरुमा क्रमश: फोहोरमैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ ।
- धुवाँ रहित नगरपालिकाको नीति अवलम्वन गरिनेछ ।
- फोहर मैला व्यवस्थापनको लागि स्पष्ट नीति निर्धारण गरि फोहर विर्शजन केन्द्र बनाईने छ । प्रकोपवाट नगरवासीको सुरक्षाको लागि समयमा प्रकोप सूचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कायक्रम सञ्चालन गरिनेछ । साथै सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जिल्लाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।
- नगर स्तरीय विपत व्यवस्थापन कोपलाई निरन्तरता दिइने छ ।
- स्थानीय वातावरण ऐन, वातवरणमैत्री नीति तथा कार्यान्वयन भई वातावरण मैत्री स्थानीय शासंनका पूर्वाधार पुरा गरि वडाहरुलाई वातावरण मैत्रि वडा घोषणा गरिने छ ।
- सडकका किनारामा बृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गर्ने व्यवस्थाका लागि अभियान चलाइने छ ।
- सार्वजनिक तथा ऐलानी जग्गाहरुको पहिचान गरी त्यस्ता जग्गामा सार्वजनिक प्रयासमा सम्भव भएसम्म वृक्षारोपण गरी वातावरणीय सन्तुलनका अतिरिक्त त्यस्ता जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- नगरस्तरी सडक गुरुयोजना कार्यान्वयन पश्चात प्रत्येक वर्ष यस क्षेत्रका दायांबायां सडक किनारामा वृक्ष्यरोपण गर्ने व्यवस्था मिलाउन स्थानीय वासीहरुलाई प्रोत्साहन दिइने छ ।
- यस नगरपालिकाका लागि पोखरीहरु चौतारीहरु र सडक हरियाली क्षेत्र विस्तार गरिने छ ।
- वातावरण संरक्षणमा टोलविकास संस्था, नागरिक तथा निजि क्षेत्र र गैर सरकारी संस्था सहभागीता रही वातावरण संरक्षण सम्वन्धी योजनाहरु कार्यान्वयन गरिने छ ।
- श्रोत नक्सा सहितको भुउपयोग योजना, यातायात गुरु योजना, वातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना तयार गरि दुतगतिमा सेवा प्रवाह गरिनेछ ।

CamScanner

## ६. वित्तीय व्यवस्थापन र सुशासन तर्फ

- यस नगरपालिकाको सम्पुर्ण अवस्था चित्रण हुने गरी GPS सुविधा सहितको नगरपालिकाको पार्श्वचित्र निर्माण गरिनेछ । सोही पार्श्वचित्र (Profile) अनुसार तथ्य र तथ्यांकमा टेकेर सम्पुर्ण व्यवस्थापकिय कार्यहरु गरिनेछ ।
- विगतमा देखिएका जिन्सी सामानहरुको व्यवस्थापकीय समस्यालाई सुधार गर्न Web based Inventory management system (PAMS) अवलम्बन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुमा जडान भएका इन्टरनेट प्रयोग गरी पन्जिकरण, सामाजिक सुरक्षा, दैनिक सिफारिस अनलाइन मार्फत गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाबाट अनुमोदन भई नगरसभाबाट स्विकृति प्राप्त भएको कर, शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिदै लगिनेछ ।
- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइने छ ।
- नगरपालिकाको आर्थिक कारोवारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप लेखांकन पद्धतिमा राखिनेछ ।
- अन्तिम लेखापरिक्षण र वेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति आवलम्वन गरिदै लगिनेछ ।
- राजपुर नगरपालिकाको समृद्धिको आधार कृषि, शिक्षा, स्वास्थ्य, मानवीय विकास र भौतिक पुर्वाधार नारालाई मूल नाराको रुपमा लिई विकास व्यवस्थापन, दिगो विकास र सुशासनको प्रत्याभूति हुने वातावरणको सृजना गरिदै लगिनेछ ।
- नगरवासीलाई सेवा सुविधाको जानकारी तथा प्रक्रिया बुझ्नको लागि प्रत्येक हातमा जानकारी पुर्याउनको लागि यस नगरपालिकाको आफ्नो Mobile App लाई समयानुकुल अध्यावधिक गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी वनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यमवाट हुने सुचना प्रविधिको प्रयोगमा जोड दिइदै लगिनेछ ।
- वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनीकरणको लागि वित्तीय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा दिइदै लगिनेछ ।
- प्रत्येक चौमासिकमा सार्वजनीक सुनवाई कार्यक्रम गरिनेछ । सेवा प्रवाहलाई सहज वनाउन आवश्यकता अनुसार सबै वडाहरुमा घुम्ती सेवाहरु संचालन गरिनेछ ।

## ७. रोजगारी सम्वन्धी नीति तथा कार्यक्रम

- यस नगरपालिका भित्र कुनै कारणले बेरोजगार रहेका प्रत्येक वर्ष प्रत्येक वर्गमा कम्तिमा १०/१० जना यूवा बेरोजगालाई आवश्यक सीप सिकाई अति न्यून ब्याजदरमा ऋण उपलब्ध गराई स्वरोजगार हुने अवसर प्रदान गरिनेछ । यसको लागि यूवा तथा साना व्यवसायिक स्वरोजगार कोष संग समन्वय गरिनेछ रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक तथा रोजगारमूलक आयोजना मार्फत समुदायको विकास र रोजगारी सँगै सामाजिक संरक्षणको प्रत्याभूति गरिनेछ ।
- संघ तथा प्रदेश को रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारमा आवश्यक सहयोग र समन्वय गरिनेछ । राजदेवी न.पा. भित्र बसोबास गर्ने गरिब तथा विपन्न वर्गहरुको तथ्यांक संकलन गरी अभिलेखिकरण गरिनेछ ।
- यस राजपुर न. पा. को सहकार्यमा खेती योग्य बाझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्र सुचिकृत बेरोजगारीलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कृषी र उत्पादन मुल्क क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।

CamScanner

- नगर क्षेत्र र ग्रामीणक्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय संचलन गर्ने व्यवसायीहरुको व्यवसाय दर्ता गरी व्यावसायको अभिलेखीकरण गरी आय आर्जनमा वित्तीय क्षेत्रको सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइने छ।
- नगरपालिका अन्तर्गत वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय प्रति जवाफदेही वनाउन र आन्तरिक आम्दानी वृद्धि लगायत नगरपालिकाको अभिलेख व्यवस्थापन गरी सहज रुपले कार्य संचालन गरी शुसासन कायम गर्न स्थायी कर्मचारीहरुलाई शुरु तलब स्केलको केही प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलव्ध गराउने तर्फ आवश्यक पहल गरिने छ।
- कोभिड-१९ को प्रकोप अर्थात यस नगरपालिका अन्तर्गतका कोरोना भाईरस प्रकोपमा परेका संक्रमित तथा संकास्पद व्यक्तिहरुको स्याहार तथा उपचारमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई आवश्यक थप सुबिधाको व्यवस्था मिलाईनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप, क्षमता तथा विउ पूंजी उपलव्ध गराउन वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ।
- सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ।
- आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न निजी, सहकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्यमा जोड दिइनेछ।
- शैक्षिक वेरोजगारहरुलाई प्राथमिकतामा राखि स्वरोजगार मूलक कार्यमा संलग्न गराउन प्रोत्साहित गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- श्रम सम्वन्धलाई प्राथमिकता राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम, पर्यटन तथा वित्तीय क्षेत्रवाट थप रोजगारी सिर्जना आवश्यक नीति अधिकार गरिनेछ।
- रोजगार सेवा केन्द्रको व्यवस्थापनलाई थप प्रभावकारी वनाउन आवश्यक वजेट छुट्याईने छ।
- नगरपालिकास्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिनेछ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई शसक्त तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियानमा पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्वन गरिनेछ।
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा नगरपालिकाको साझेदारीको संगसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ।
- राजपुर नगरपालिकामा उद्यमशिलताको विकास गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- गरिबि निवारणका लागि लघु उधम विकास (मेड मोडेल) कार्यक्रम अन्तर्गत इच्छा र चाहना बमोजिमको १०० जना लाई स-साना उद्योग व्यवसायी संचालन गर्नका लागि नयाँ उधमी सृजना गरिनेछ।
- प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिप विकास र उधमशिलतासंग सम्बन्धीत कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी एकिकृत रूपमा कार्यान्वयन गरिने छ।
- स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारीत सामुदायीक आयोजना संचालन गरी श्रममुलक आयोजना मार्फत सामुदायको विकास संगै समाजिक संरक्षणको प्रत्याभुति गराइने छ।

CS CamScanner

८. **सूचना प्राविधि सम्बन्धी नीति तथा कार्यक्रम**

- सूचना प्राविधिमा सबैमा पहुँच स्थापित गर्न तथा नियमित क्रियाकलापहरु सहज, निर्वाधरुपमा सम्पादन गर्न सूचना प्रविधिको विकास तथा विस्तारमा समय सापेक्ष सुधार गरिनेछ ।
- यस नगरपालिकाका सबै वडालाई प्रविधिमैत्री प्रणालीमा विकास तथा आवद्ध गर्नुको साथै वडाहरुबाटै मिटिङ्ग, अन्तरक्रिया कार्यक्रम तथा गोष्टीहरु संचालन गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- कार्यालयको दैनिक तथा नियमित क्रियाकलाप तथा गतिविधिहरुलाई सेवाग्राहीहरु समक्ष छिटो छरितो, प्रभावकारी, मितव्ययी र पारदर्शी रुपमा पुर्याउन आवश्यक प्रविधिहरु तथा Software लाई खरिद गरी सेवा प्रवाहमा नगरपालिकालाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- नगरपालिकाको सबै वडा कार्यालय, विषयगत शाखाहरु तथा मातहतका अन्य नकायहरुलाई डाटा बेसको माध्यमबाट एउटै Software मा आवद्ध गरिनेछ भने कार्यालयको आवश्यक डाटाहरुलाई ब्याक अप राख्न File server को स्थापना गरिनेछ ।
- Internet क्षमता प्रणालीमा थप सुधार गरिनेछ ।
- सूचना प्रविधिलाई थप प्रभावकारी बनाउन प्रविधि सम्बन्धी विभिन्न प्राविधिमूलक क्षमता विकास तालिमहरु सञ्चालन गरिनेछ ।
- गुनासो दर्ता अभिलेख राखिने छ ।

९. **न्यायिक समिति**

- गरिव, असहाय तथा पछाडी पारिएका व्यक्तिहरुको लागि निशुल्क कानुनी परामर्श सेवा तथा सहयोग उपलब्ध गराईनेछ ।
- न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अवलम्वन गरिनेछ ।
- प्रत्येक वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनमा ल्याईनेछ ।
- न्यायिक समितिबाट भए गरेका निर्णय तथा मेलमिलाप भएका विवादहरू कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- न्यायीक समितिको काम कार्यवाही तदारुक्ताका साथ न्यायीक समिति संचालन गर्नका लागि गठन भएको मेलमिलाप समितहरुलाई तालिम तथा अन्य तालिम भ्रमण गरिने छ ।

१०. **शान्ति सुरक्षा**

- नगरपालिका भित्रका नगरवासी एवं व्यवसायिहरुको जिउ धनको सुरक्षाको लागि नेपाल प्रहरीको सहयोगमा नगरका महत्वपूर्ण स्थानहरुमा सि.सी. टि.भी. जडानको कार्यलाई प्राथमिकता प्रदान गरिनेछ।
- नगरपालिका भित्रको आन्तरिक शान्ति सुरक्षालाई दृष्टिगत गरी अगामी आ.व. देखि व्यवस्थापकीय रूपमा नगर प्रहरीको व्यवस्थापन एवं परिचालन गरिनेछ ।

११. **आगामी आ.व.२०७९/०८० को आय व्यय विवरण ।**

| विवरण | आन्तरिक श्रोत | राजस्व बाँडफाँडबाट प्राप्त रकम | बितीय अनुदान | ससर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | आन्तारिक ऋण | कुल बजेट | खर्च प्रस्ताव | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | चालु | पुँजीगत |
| संघीय सरकारबाट | ० | ८०७३०१४१ | १३०५००००० | १७४२००००० | ३०००००००० | २००००००० | ० | ४३५४३०१४१ | २५४९३०१४१ | १८०५००००० |
| प्रदेश सरकारबाट | ० | ६३९९०९९ | ८३००००० | ५०००००० | २०००००० | ३०००००० | ० | २४६९९०९९ | १९६९९०६३ | ५०००००० |
| आन्तरिक आम्दानी | ० | १००३०१४८ | ० | ० | ० | ० | ० | १००३०१४८ | ५०३०१८४ | ५०००००० |
| जम्मा रकम | ० | ९७१५९३८८ | १३८८००००० | १७९२००००० | ३२०००००० | २३०००००० | ० | ४७०१५९३८८ | २७९६५९३८८ | १९०५००००० |

अन्त्यमा,

हामीले पर्याप्त समस्याहरूका बीचमा सम्भावना खोज्दै गरेको अवस्था हो । मुलुकले सङ्घीय शासन व्यवस्था अवलम्बन गरे पश्चात् स्थानीय तहमा सम्भावना र अवसर खोज्ने साथै मुलुकको कायाँपलट गर्ने दायीत्व हाम्रो काँधमा रहेको छ । यसका लागि हामीले योजना तर्जुमा गर्दा सेवामूलक, उत्पादनमूलक, रोजगारमूलक, वातावरणमैत्री र रीतिरिवाजको संरक्षण गर्ने खालका कार्यक्रमहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउन सकियो भने मुलुकले अगाडि सारेको समृद्ध नेपाल : सुखी नेपालीको दीर्घकालीन सोच साकार पारेर देशलाई समृद्ध बनाउन सकिने कुरामा विश्वास व्यक्त गर्न चाहन्छु ।

यस नगरपालिकालाई समृद्ध बनाई जनतालाई सुखी बनाउन सकिन्छ । हामीले यी अवसर उजागर गर्दै नमुना नगरपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएको छ । जनताको नजरमा हामीले यो अग्नि परीक्षामा उत्तीर्ण हुनु छ । यो जङ्घार तर्ने माध्यम भनेको हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन् । तसर्थ आजको प्रस्तुतनीति तथा कार्यक्रम अनुसार आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम बन्ने र प्रभावकारी कार्यान्वयनमा गम्भीर छलफल र सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छु ।

आजको प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री बैजु ठाकुर ज्यू तथा आर्थिक प्रशासन शाखा र अन्य विषयगत शाखाका कर्मचारी साथीहरूलाई विशेष धन्यवादका साथै आजको यस कार्यक्रममा पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि, लगायत सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू तथा राजनीतिक दलका पार्टी प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, पत्रकार, सुरक्षाकर्मी र देश विदेशमा रहनु भएका यस राजपुर नगरपालिकाबासी आम दाजुभाइ, दिदीबहिनीहरू सबैमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दै यो बजेट बक्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद

२०७९ असार १० गते

<u>प्रस्तुत कर्ता</u>
डा.मो.राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका रौतहट

CamScanner